# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## सानोठिमी, भक्तपुरको

## अपिल !

प्रकाशित मितिः २०८२/०४/११

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् देशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील रहदै आएको व्यहोरा अवगत नै छ।परिषद्ले विद्यमान ऐन, नियमको परिधि भित्र रही तोकिएका क्रियाकलाप तथा कार्यसम्पादन गर्दै आएको छ। परिषद् परिवार यतिबेला शैक्षिक सत्र २०८२/८३ को विद्यार्थी भर्नाको अभियानमा जुटेको छ। भर्ना प्रकृयालाई थप पारदर्शी एवं अनुमानयोग्य बनाउने उद्देश्यले प्रि-डिप्लोमा र  डिप्लोमा/प्रमाणपत्र तहका सबै कार्यक्रम र कोटाहरूमा अनलाइन आवेदन फारामको व्यवस्था गरी विद्यार्थीले एसईईमा प्राप्त गरेको जीपीएको आधारमा योग्यताक्रमको सूची प्रकाशन गरी विद्यार्थी छनोट गरिने व्यवस्था गरिएको छ। सरोकारवालाबाट प्राप्त सुझाव सल्लाहलाई समेत समेट्दै पाठ्यक्रमलाई श्रम बजार सान्दर्भिक बनाउने उद्देश्यले पाठ्यक्रमको निर्माण र परिमार्जन हुँदै आएको छ भने शैक्षिक क्यालेण्डरको निर्माण गरी तोकिएको समय भित्र विद्यार्थी भर्ना, रजिष्ट्रेशन, नियमित पठनपाठन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणपत्र वितरणसम्मका कामहरूलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ। यसका अतिरिक्त प्राविधिक शिक्षालाई थप गुणस्तरीय र सान्दर्भिक बनाउने उद्देश्यले सरोकारवालाहरूसँग निरन्तर छलफल र प्राप्त सुझावलाई कार्यन्वयन गरिंदै आएको छ।

विद्यार्थी भर्ना अभियान र कर्मचारीहरूको वृत्ति विकास सम्बन्धी हुँदै गरेका कामहरूलाई बाधा पुग्ने गरी आफ्ना काम कारवाही नगर्न नगरिदिनुहुन सबैमा हार्दिक अनुरोध गरिन्छ । अध्ययनरत विद्यार्थीहरूको हक हित र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि परिषद् कार्यालय सबै सरोकारवालासँग छलफल गर्दै आवश्यक समन्वय र सहकार्य गर्न तयार भएको जानकारी गराउँदै यस कार्यमा सबैको सहयोगको अपेक्षा समेत गर्दछ।